

World Vision

# वार्षिक प्रगति प्रतिवेदन २०२३



वर्ल्ड भिजन इन्टरनेशनल नेपाल



मलाई मेरो कलेज पुग्न घण्टौं हिँड्नुपर्थ्यो । हाम्रो न्युन आर्थिक अवस्थाको कारण मलाई र मेरो भाइको लागि पोशाक, किताब र स्टेशनरी किन्न नियमित संघर्ष हुन्थ्यो । मेरी आमाले सहयोग पाए पछि खेतीबाट गरेको कमाईले मलाई साइकल किनिदिनु भयो र मलाई कलेज जान धेरै सजिलो भएको छ । अहिले मेरी आमाले हाम्रो पढाइको लागि किताबहरू खरिद गर्न संघर्ष गर्नुपर्ने आवश्यक छैन ।

- रोशन (बायाँबाट पहिलो), कैलाली



भूकम्पले मेरो विद्यालय र कक्षाकोठामा ठूलो क्षति पुऱ्यायो । क्षतिका कारण हाम्रो पढाइ धेरै दिन रोकिएको थियो । शिक्षकहरूले पछि तिरपाल मिलाइदिए पनि अस्तव्यस्त वातावरणका कारण पढाइमा ध्यान दिन सकिनँ । अस्थायी सिकाइ केन्द्रको सहयोग पछि, मलाई मेरो अध्ययनमा ध्यान केन्द्रित गर्न धेरै सजिलो भयो र सिकाइ केन्द्र भित्रको अध्ययन र हामीले पहिले अध्ययन गरेको कक्षाकोठामा धेरै फरक छैन ।

- बसन्त (बिचमा), जाजरकोट



"म १८ वर्षको भएँ र मैले अहिलेसम्म तीनवटा बालविवाह रोकिसकेको छु । म आफै झण्डै बालविवाहको शिकार भएको थिएँ । हाम्रो गाउँमा कसैको बालविवाह हुन लागेको छ भने हामीलाई बाल क्लब मार्फत थाहा हुन्छ । अन्य गाउँमा हुन सक्ने सम्भावित घटनाका बारेमा बाल क्लब र रूपान्तरणका साथीहरू मार्फत जानकारी पाउँदछौँ । उनीहरूले हामीलाई यसबारे बताउँछन् र हामीले हाम्रो संस्थाका कर्मचारी र प्रहरीलाई पनि जानकारी गराउँदछौं ।

\- नेहा, सर्लाही

गो-बेबी-गो सत्रहरूमा हामीले बालबालिकाहरूलाई रङ्गहरू चिन्न मद्दत गर्न विभिन्न रङ्का नरम खेलौनाहरू बनाउन सिक्यौं । हामीले यस्ता खेलौनाहरू बनाउन कसरी नचाहिने सामग्रीहरू प्रयोग गर्ने भनेर पनि सिक्यौं ।

\- संगीता (आमा), सिन्धुली



# हामी को हौँ ?

वर्ल्ड भिजन बालबालिकामा केन्द्रित भई राहत, विकास र पैरवी गर्ने संस्था हो जसले विश्वमा जोखिममा रहेका लाखौँ बालबालिकाको जीवनमा परिवर्तन ल्याउन सहयोग गरेको छ । वर्ल्ड भिजनले यो उद्देश्य उत्तरदायित्व र जिम्मेवारीबोध हुने गरी पारस्परिक सहभागिता तथा विश्वासका आधारमा समान किसिमका ध्येय र लक्ष्य भएका स्थानीय समुदाय, नागरिक समाज, दातृ निकाय, सरकार र निजी क्षेत्रसँगको साझेदारीमार्फत हासिल गर्न चाहन्छ । हामी इसाई आस्थामा आधारित संस्था हौँ, जसले जातजाति, सम्प्रदाय, लिङ्ग, उमेर वा धर्मको आधारमा भेदभाव नगरी बालबालिका र तिनका परिवार सबैको सेवा गर्दछ ।

वर्ल्ड भिजन इन्टरनेशनल विश्वका लगभग १०० देशहरूमा कार्यरत छ, जसमध्ये वर्ल्ड भिजन इन्टरनेशनल नेपाल एक हो । वर्ल्ड भिजन इन्टरनेशनलले नेपालमा सन् २००१ देखि दीर्घकालीन विकासका कामहरूमार्फत बालबालिकाको सम्वृद्धिका लागि आफ्ना कार्यक्रमहरूको सुरुवात गरेको हो । हाल वर्ल्ड भिजन इन्टरनेशनल नेपालले उदयपुर, सर्लाही, महोत्तरी, रौतहट, सिन्धुली, काठमाडौँ, लमजुङ, ललितपुर, जुम्ला, अछाम, कैलाली, कञ्चनपुर, डोटी, दैलेख, जाजरकोट र बझाङ गरी ६ प्रदेशका १६ जिल्लामा दीर्घकालीन विकास कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

# हाम्रो दर्शन

*हाम्रो दर्शन, प्रत्येक बालबालिकाको जीवनको सम्पूर्णता*
*हाम्रो प्रार्थना, प्रत्येक हृदयमा त्यस्तै गर्ने चाहना*

**वर्ल्ड भिजन इन्टरनेशनल नेपालको**
**२०२१-२०२५ को रणनीतिक चक्रका लागि निर्धारित लक्ष्य**

नेपालका अति जोखिमयुक्त ८ लाख बालबालिकाहरूको स्वास्थ्य र संवृद्धिमा सुधार गर्नु । खासगरी उनीहरूलाई हिंसाबाट संरक्षण प्रदान गर्दै, असल पोषण, गुणस्तरीय तथा समावेशी शिक्षाको पहुँच मार्फत परिवार र समुदायका विचमा सकरात्मक तथा शान्तिपूर्ण सम्बन्धको अनुभुती गराउनु रहेको छ ।

# हामी के मा केन्द्रित छौँ ?

**शिक्षा**
बालबालिकाका लागि गुणस्तरीय, सुरक्षित र समावेशी आधारभूत शिक्षाको पहुँच

**स्वास्थ्य र जीविकोपार्जनः**
खानेपानी, सरसफाई र स्वच्छता तथा खाद्य सुरक्षा बाल स्वास्थ्यमा सुधार

**उत्थानशीलता**
प्रकोप तथा आर्थिक आघातको अवस्थामा सामुदायिक उत्थानशीलताको विकास

**संरक्षण**
जाखिममा परेका र पर्न सक्ने समूहहरूको संरक्षणमा जोड

२३ वर्ष कार्यसञ्चालन | १६ जिल्ला | ६ प्रदेश | १५०+ कर्मचारीहरू

## हाम्रो मूलभूत मान्यताहरू

हामी इसाई आस्थामा विश्वास गर्छौं
हामी गरीव तथा असहायहरूप्रति प्रतिबद्ध छौं
हामी मानिसको कदर गर्छौं
हामी कारिन्दा हौं, हामी साझेदार हौं
हामी उत्तरदायी छौं

## अनुदान परियोजनाका दाताहरू

हामीले हाम्रा सहयोगी साझेदारहरू मार्फत निजी दाताहरू र दातृ निकायहरूबाट कोष प्राप्त गर्छौं ।

| सहयोग कार्यालयहरू | अनुदान परियोजनाका दाता र साझेदारहरू |
|---|---|
| वर्ल्ड भिजन अस्ट्रेलिया, वर्ल्ड भिजन क्यानडा, वर्ल्ड भिजन हङकङ, वर्ल्ड भिजन कोरिया, वर्ल्ड भिजन स्विट्जरल्याण्ड, वर्ल्ड भिजन सिंगापुर, वर्ल्ड भिजन युनाइटेड किंगडम, वर्ल्ड भिजन मलेशिया, वर्ल्ड भिजन ताइवान, वर्ल्ड भिजन जापान, वर्ल्ड भिजन आयरल्याण्ड, वर्ल्ड भिजन यु.एस. | डिपार्टमेन्ट अफ फरेन अफेयर्स एण्ड ट्रेड, स्टार्ट फण्ड, ह्याण्डीक्याप इन्टरनेशनल नेपाल, विश्व शिक्षा, मोफा जापान, रेस्पोन्स इनोभेसन ल्याब, द पोलिफ्लस फ्याक्ट्री, लेगो फाउन्डेसन |

# राष्ट्रिय निर्देशकको सन्देश



रोजलिन एच. ग्याब्रियल

यहाँहरू समक्ष वर्ल्ड भिजन इन्टरनेशनलको वार्षिक प्रगति प्रतिवेदन २०२३ प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । यस प्रतिवेदनले विशेषतः वर्ल्ड भिजन र यसका साझेदारहरूले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मूलधारमा राखेर पोषण र उत्थानशील जीविकोपार्जन, समावेशी र गुणस्तरीय शिक्षा, बाल संरक्षण, विपद् जोखिम व्यवस्थापनका साथै मानवीय आपतकालीन प्रतिकार्य जस्ता कार्यक्रमबाट हासिल उपलब्धीहरूमाथि प्रकाश पारेको छ ।

आर्थिक वर्ष २०२३ मा हामी ४,८२,६४२ मानिसहरूको जीवनमा सकारात्मक प्रभाव पार्न सफल भएका छौँ, जसमध्ये ३,३१,९८२ बालबालिका र ४,८२५ अपाङ्गता भएका व्यक्तिहरू छन् । सरकार, दाताहरू, प्रायोजकहरू र साझेदार संस्थाहरूसँगको हाम्रो सहकार्य मार्फत वर्ल्ड भिजनले १६ जिल्लामा ९ वटा विद्यालय भवन, १२ वटा समावेशीमैत्री शौचालय, १२ वटा कक्षा कोठा र ४ वटा खानेपानी आयोजनाहरू निर्माण गरी स्थानीय सरकारलाई सघाउ पुऱ्याएको छ । हाम्रो शैक्षिक कार्यक्रमबाट अपाङ्गता भएका कूल ३३३ बालबालिकाहरूले उनीहरूको शिक्षाको निरन्तरताका लागि सहायक सामाग्री, उपकरणहरू, व्यक्तिगत शिक्षा योजनाहरू र घरायसी सहयोगहरू प्राप्त गरेका छन् । हामीले यस वर्ष लेगो फाउण्डेशनले सहयोग गरेको प्रारम्भिक बाल विकास परियोजना सम्पन्न गर्‍यौं, जसले २,९०८ बालिका र तिनका परिवारहरू सहित ५,८८१ बालबालिकाहरूमा सकारात्मक प्रभाव पारेको छ, । साथै यस परियोजनामा प्रयोग गरिएका अवधारणा र सिकाइहरूको विस्तारबाट नेपालका विद्यालय जानु अधिका बालबालिकाहरू लक्षित हाम्रा अधिकांश शैक्षिक कार्यक्रमहरूले लाभ उठाएका छन् ।

हामीले रूपान्तरण तालिम कार्यक्रम, सामुदायिक पहल तथा अभियानमूलक कृयाकलापहरू मार्फत ५,८९३ बालबालिका तथा वयस्कहरूमा आत्मविश्वास वढेको तथा उनीहरूले बालबालिकाहरूमाथि हुने हिंसाको अन्त्य गर्न सहयोग गरेको स्थलगत अवलोकन समेत गरेका छौँ । ७,१०६ जना अभिभावकहरूले सकारात्मक अभिभावकत्व कार्यक्रम मार्फत लाभ लिएका छन, जसमा उनीहरूलाई बालबालिका र किशोर किशोरीहरूप्रति सकारात्मक व्यवहार गर्न, आफ्ना बालबालिकाहरूमाथी विश्वास गर्न र घर परिवारमा उनीहरूलाई सहयोग गर्ने वातावरण श्रृजना गर्न प्रोत्साहन गरेको छ । वर्ल्ड भिजनका कार्यक्रम भएका समुदायहरूमा पहिचान गरिएका कूल २०,०१८ जना न्युनतम भन्दा कमतौलका बालबालिकाहरूमध्ये १५,७४४ बालबालिकाहरूलाई समुदायमा आधारीत पौष्टिक खाना बनाउन र खुवाउन सिकाउन कार्यक्रमबाट प्रत्यक्ष लाभ भएको छ । यसका अतिरिक्त गतवर्ष कूल ६,४८१ गर्भवती महिला र, ५ देखि ५९ महिनाका बालबालिकाका हेरचाहकर्ताहरूलाई पोषण परामर्श प्रदान गरिएको छ । नेपालमा कुपोषणको मूलकारणहरूलाई सम्बोधन गर्न वर्ल्ड भिजनले बजारमुखी उत्पादन अभियानमा ३६५ उत्पादक समूहका ८,००० भन्दा बढि (७३ प्रतिशत महिला) उत्पादकहरूलाई संलग्न गरेको छ । देशभर संचालन भएका विविध परियोजना तथा कृयाकलापहरूको कार्यान्वयनबाट ती उत्पादकहरूको उत्पादनमा ३० प्रतिशतले वृद्धि भएको छ ।

वर्ल्ड भिजनले प्रकोपको प्रतिकार्यको लागि पनि सहयगी कार्यक्रमहरू सञ्चालन गरेको छ । बाढी, पहिरो, भूकम्प, शीतलहर, आगलागी र हावाहुरीबाट प्रभावित १,७१९ घरधुरीलाई आर्थिक वर्ष २०२३ मा खाद्य तथा गैर-खाद्य सामग्री मार्फत सहयोग गरिएको थियो भने यी प्रतिकार्यहरूबाट प्राप्त सिकाइले भविष्यमा कार्यान्वयन गरिने कार्यक्रमहरूलाई अझ मजबुत बनाउन समेत सहयोग पुग्नेछ । सरकारी निकाय तथा मन्त्रालयसँगको निरन्तर संलग्नताको फलस्वरूप हामीले संघीय तथा प्रादेशिक तहमा २४ वटा नीति तथा निर्देशिका निर्माण प्रक्रियामा योगदान गर्ने अवसर पाएका छौँ । वर्ल्ड भिजनले बालमैत्री स्थानीय शासन घोषणाका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्नुका साथै गत वर्ष ५ वटा वडालाई बालमैत्री वडा घोषणा समेत गरिएको छ । बालमैत्री स्थानीय शासनको घोषणाले आफ्नो समुदायबाट बाल विवाह र बालश्रम उन्मूलन गर्ने स्थानीय सरकारको प्रतिबद्धता समेत पुरा भएको छ ।

वर्ल्ड भिजन बाल कल्याणको क्षेत्रमा वास्तवमा एउटा अग्रणी संस्थाको रूपमा उदाएको छ । अझ रमाइलो कुरा त यो छ कि हाम्रो प्रगति र सिकाई लाई हामी यतिमा मात्र सिमित राख्ने छैनौं । विभिन्न अनुदान परियोजनाहरू भित्र हाम्रो दृष्टिकोणलाई अनुसरण र मापन गर्न हामी सक्षम भएका छौँ, र अझै धेरै बालबालिकाहरूका माझ पुग्न र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा सामुदायिक उत्थानशीलता प्रतिको हाम्रो दृष्टिकोणलाई बलियो बनाउन हामी प्रतिबद्ध छौँ । यस प्रतिवेदनमा उल्लेख गरिएका प्रगति र सिकाइहरू नेपाल सरकार, दाता, प्रायोजक, ३० भन्दा बढी स्थानीय गैर सरकारी संस्था, शिक्षाविद्, निजी क्षेत्र र ६ वटा प्रदेशमा रहेका हाम्रा कर्मचारीहरूसंग मिलेर काम गर्ने सहकर्मी संस्थाहरूसंगको सहकार्यमा हासील भएका प्रमूख उपलब्धीहरू हुन् । सहयोग र सहकार्यका लागि सम्बन्धित सबैमा म हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

सन् २०२३ मा हासिल भएका उपलब्धीहरूको समीक्षा तथा विश्लेषण गरी प्राप्त सफलता यहाँहरूसंग बाँड्न पाउँदा म अत्यन्त हर्षित छु ।

# विषय सूची




सारांश ..... १

समावेशी र गुणस्तरीय शिक्षा ..... २

पोषण र उत्थानशील जीविकोपार्जन ..... ४

बाल संरक्षण ..... ७

विपद् जोखिम व्यवस्थापन र मानवीय प्रतिकार्य ..... ९

नेपाल इनोभेशन ल्याब ..... ११

सहयोग र अनुदान ..... १२

बाल स्पोन्सरशीप ..... १२

पैरवी र अभियान ..... १४

लैङ्गिक समानता र सामाजिक समावेशीकरण ..... २१

कार्यक्रम जवाफदेहिता ..... २२

कार्यक्षेत्रहरू ..... २३

# सारांश

**आर्थिक वर्ष २०२३ को कूल बजेट:**
**१५,१७७,५४२ अमेरिकी डलर**
**(२,०१४,१४०,२८८ रूपैंया)**

**लाभग्राहीको प्रकार**
**आर्थिक वर्ष २०२३ मा सेवा पाएकाहरूको संख्या**

| लाभग्राहीको प्रकार | संख्या |
|---|---|
| अति जोखिममा परेका बालबालिका | १,५४,३९२ |
| जोखिममा परेका बालबालिका | ७९,३७७ |
| दर्ता भएका बालबालिका | ६६,२७० |
| अति जोखिममा परेका परिवार | २१,९४१ |
| बालकहरू | १,७४,०३१ |
| बालिकाहरू | १,५७,९५१ |
| कूल बालबालिकाहरू | ३,३१,९८२ |
| महिलाहरू | १,१५,४६९ |
| पुरुषहरू | ३५,१९१ |
| अपाङ्गता भएका व्यक्तिहरूको जम्मा सँख्या | ४,८२५ |
| कूल लाभग्राहीहरू | ४,८२,६४२ |

# हाम्रो यात्रा

| वर्ष | विवरण |
|---|---|
| १९८२ | स्थानीय समूहहरूलाई अस्पताल निर्माण तथा स्वास्थ्य सेवा प्रवाहका लागि आर्थिक सहयोग |
| १९८८ | उदयपुर भुकम्पबाट प्रभावित व्यक्तिहरूलाई सहयोग |
| १९९३ | बाढी प्रभावित समुदायलाई सहयोग |
| २००१ | औपचारिक रूपमा दीर्घकालीन अवधीको विकाश कार्यक्रम शुरूवात |
| २०१५ | अप्रिल २५ मा गएको भुकम्पको प्रतिकार्य सम्बन्धी कार्यक्रमको सुरुवात |
| २०१७ | नेपाली जुटौं, बालविवाह रोकौं अभियानको शुरूवात |
| २०१८ | भुकम्प प्रतिकार्य कार्यक्रमको समापन |
| २०२० | कोभिड १९ महामारीको प्रतिकार्य कार्यक्रम |
| २०२१ | राष्ट्रीय रणनीतिक कार्ययोजना २०२१-२५ को शुरूवात |
| २०२३ | मध्यकालीन रणनीति समीक्षा |



# समावेशी र गुणस्तरीय शिक्षा

**आधारभुत तहमा बालबालिकाका लागि समावेशी र गुणस्तरीय शिक्षाको समान पहुचमा सुधार गर्ने**

**प्रगति बिवरणः**

- ५८ विद्यालय र २३ मदरसा (मुस्लिम बिधालय) हरूद्वारा विद्यालय सुधार योजनाको कार्यान्वयन र सरकारी तहबाट सहयोग भ्रमण तथा अनुगमन ।
- १२ वटा कक्षाकोठाहरू, ९ वटा विद्यालय भवनहरू, १२ वटा अपांगतामैत्री तथा समावेशी शौचालयहरू र कूल ४ वटा खानेपानी आयोजनाहरूको निर्माण सम्पन्न गरि सम्बन्धित विद्यालयलाई हस्तान्तरण ।
- समुदायमा आधारित टोल शिक्षा कार्यक्रम मार्फत कूल १,११८ बालबालिकालाई अनौपचारिक शिक्षाको पहुँच र कक्षा ४ देखि ८ सम्म अध्यापन गर्ने कूल ४२ जना गणित शिक्षकहरूलाई पुनर्ताजगी तालिम ।
- अपाङ्गता भएका ३३३ बालबालिकाहरूलाई सहायक उपकरण तथा सामाग्री वितरण, शिक्षा योजनाहरू र परिवारमा सहयोग प्रदान ।
- अभिभावकहरूसँगको सहकार्यमा कूल ३,४२० वटा पढाई सचेतना कार्यशालाको आयोजना, र जोखिममा परेका कूल ७१४ बालबालिकाहरूलाई शैक्षिक सामग्री प्रदान ।
- स्थानीय राना थारू भाषामा १५ वटा कथाका पुस्तकहरूको प्रकाशन ।
- कृष्णपुर नगरपालिकामा कक्षा १ देखि ८ सम्म र जयपृथ्वी र केदारस्युँ गाउँपालिकामा ६ देखि ८ कक्षासम्मका विद्यार्थीहरूका लागि स्थानीय पाठ्यक्रम र कार्यपुस्तिका तयार गर्न सहयोग ।
- जयपृथ्वी नगरपालिकालाई दश वर्षे शिक्षा क्षेत्र योजनाको निर्माण तथा कार्यान्वयनमा सहयोग ।
- बालबालिकाको सिकाई वातावरणमा सुधार गर्न ३६३ शिक्षकहरूलाई एकिकृत पाठ्यक्रम र कूल २३७ शिक्षकहरूलाई समावेशी शिक्षा र उन्नत छपाई सामग्री विकास सम्बन्धी तालिम प्रदान ।
- ६ जिल्लामा सम्पन्न गरिएका समुदाय तहका ३३४ अध्ययन शिविरहरूबाट कक्षा १ देखि ३ सम्मका कूल ८३३१ बालबालिकाहरूको विद्यालय पछिको पढाई र सिकाई गतिविधीहरूमा सहभागीता र अध्ययन तथा साक्षरता सीपको प्रवर्द्धनका लागि विद्यालय तथा अध्ययन शिविरहरूमा कूल ४०,२३० थान कथाका पुस्तकहरूको वितरण ।

*अपाङ्गता भएका र नभएका बालबालिकाहरू सँगै खेल्छन् र एक अर्काबाट सिक्छन् । अपाङ्गता भएका बालबालिकाहरू आफु घुलमील भएको अनुभुती गर्छन र समान रूपमा सहभागी हुन्छन् । यसले पनि विद्यालयमा हुने दुर्व्यवहारमा कमी आएको छ ।*
— शिक्षक

- कञ्चनपुर, दैलेख र जाजरकोटका गरि कूल **४९** जना शिक्षक तथा शिक्षीकाहरूलाई बाल शिक्षा र विकास पाठ्यक्रम र न्युनतम मापदण्ड सम्बन्धी तालिम ।
- कूल ८० विद्यालयमा भूकम्प र पहिरोसम्बन्धी कृत्रिम/नमूना अभ्यासहरूको प्रदर्शन र **१२,६४०** विद्यार्थीहरूद्वारा उक्त अभ्यासमा सहभागिता ।

शैक्षिक लक्ष्य हासिल गर्ने सवालमा संस्थाका लागि आर्थिक वर्ष २०२३ उल्लेखनीय रह्यो । विद्यालयमा समावेशी पूर्वाधार निर्माण र बालबालिकाहरूलाई बस्ने उचित व्यवस्था, सिकाई केन्द्रित र समावेशी शिक्षण विधीका लागि शिक्षकहरूको क्षमता विकास, स्थानीय सरकारलाई शैक्षिक योजना तथा स्थानीय पाठ्यकक्रम निर्माणमा सहयोग, अध्ययन शिविर र अनौपचारीक शिक्षाको माध्यमबाट बालबालिकाहरूको साक्षरता सीपको विकास, र पढाई सचेतना कार्यशाला मार्फत हेरचाहकर्ता र अभिभावकहरूको क्षमता विकास जस्ता कृयाकलापहरू आर्थिक वर्ष २०२३ का प्रमूख आकर्षणहरू हुन् । मध्यावधी मुल्यांकनको अवधीमा हामीले कक्षा ३ का बालबालिकाहरूको पढाई सम्बन्धी न्युनत्तम दक्षतामा कम्तीमा ३६ प्रतिशतको बढोत्तरी भएको पायौं जसको अनुपात वर्ल्ड भिजनले सहयोग गरेका विद्यालयहरूमा गरिएको सुरूवाती अध्ययनमा जम्मा ९ प्रतिशत मात्र थियो ।

## सफलताको कथा

मेरो नाम हिमा हो । म एघार वर्षकी भएँ । म मेरी आमा, तीन दाजुभाई र दुई दिदीबहिनीको साथमा डोटी जिल्लामा बस्छु । अहिले म चार कक्षामा अध्ययनरत छु । मेरो विद्यालय हिमाली सुन्दरताले घेरिएको सुन्दर क्षेत्रमा अवस्थित छ । विद्यालय जानु मेरो लागि अत्यन्त खुशीको कुरा हो किनकि म हरेक दिन केहि नयाँ कुरा सिक्न पाउँछु । मलाई चित्रकलामा पनि गहिरो रूचि छ, र कथाका पुस्तकहरू पढ्न पनि मन पर्छ ।

म पाँच वर्षको हुँदा विद्यालय जान थालेँ । छ वर्ष बितिसक्दा पनि मलाई अझैपनि खाली कक्षाकोठा र विद्यालयको कमजोर भवनको सम्झना छ । विद्यालयका कक्षाकोठाहरू: फोहोर शौचालय, पुराना,बिग्रीएका र भत्किएका फर्निचर, र ढलेका पर्खालहरूले घेरीएका थिए । यस्तो अवस्थाले मलाई नराम्रो असर पर्‍यो र विद्यालयमा मेरो सिक्ने जाँगर मर्‍यो ॥ त्यसताका विद्यालयका शिक्षकहरू समेत पाठ्यपुस्तक र कागजको भरमा मात्र पढाउने परम्परागत विधी प्रयोग गर्थे ।

तर अहिले विद्यालय रमाईलो लाग्छ । विगत केहि वर्षयता वर्ल्ड भिजनले मेरो विद्यालयमा शिक्षाको क्षेत्रमा धेरै गतिविधी र तालिमहरू सञ्चालन गरेको छ । निर्माण गरिएको भूकम्प प्रतिरोधी दुई कोठे बालमैत्री भवनमा बस्ने व्यवस्था छ । हाम्रो कक्षाकोठामा कथाका पुस्तकहरू पनि छन् । साथै, मेरो विद्यालयमा बाल तथा अपाङ्गतामैत्री शौचालय समेत निर्माण गरिएको छ । म मेरो समुदायमा हरेक शनिबार अध्ययन शिविरको मज्जा लिन सक्छु । म उक्त शिविरमा सहभागी हुन उत्साहित हुन्छु जसका लागि मैले विभिन्न किसिमका रेखाचित्र र कागजका सामानहरू तयार गर्ने गरेको छु । ती रेखाचित्रहरूलाई मैले अहिले मेरो अध्ययन कोठाको कुनापट्टिको भित्तामा टाँसेको छु । आजकल, हाम्रा शिक्षकहरूले विभिन्न अन्तरकृयात्मक विधीहरू प्रयोग गरेर पढ्न सिकाउनुहुन्छ, जुन तरिका म जस्ता बालबालिकाहरूका लागि सिक्न सजिलो र चाखलाग्दो भएको छ । अहिले मलाई विद्यालय जान रमाइलो लाग्छ । मेरो विद्यालय सुन्दर देखिन्छ र म निर्धक्क भएर आफ्नो विद्यालय जान्छु ।



वर्ल्ड भिजनको सहयोगले करिब ३०० वटा विद्यालयहरू बालबालिकाहरूको वृद्धि विकास तथा सिकाइमैत्री स्थानका रूपमा परिणत भएका छन् । नेपालका १६ जिल्लाका ४०० भन्दा बढी विद्यार्थीहरूको जीवनमा यो सकारात्मक परिवर्तनको गहिरो प्रभाव देखिएको छ ।

# पोषण र उत्थानशील जीविकोपार्जन

सुपोषित बालबालिकाहरूको संख्यामा वृद्धि (0 देखि ५ वर्ष उमेर समूहका)







## प्रमूख उपलब्धीहरू:

- आर्थिक वर्ष २०२३ मा कूल **१०४,७२९** बालबालिका (५४,९६३ बालिका र ४९,६६७ बालक) र ७६,०९२ वयस्कहरू (१५,४८७ पुरूष र ६०,६०५ महिला) पोषण तथा उत्थानशील कार्यक्रमबाट लाभान्वित भएको ।
- **७४** प्रतिशत बालबालिकाले न्युनतम आहार विविधता प्राप्त गरेका । पहिलेको तुलनामा २७ प्रतिशतको सुधार हासिल गरेको ।
- बालबालिकाहरूको पोषण अवस्थामा सुधार ल्याउन कूल **२८,५७९** बालबालिकाहरूको वृद्धि अनुगमन र प्रवर्द्धन शत्रहरूमा अनुगमन । तीमध्ये सकारात्मक झुकाव सामूहिक चुल्हो कार्यक्रममा दर्ता भएका **१५,७४४** (७८.६ %) बालबालिकालाई समुदायमा आधारित पोषिलो खाना खुवाउने कार्यक्रम मार्फत तौल वृद्धिमा सहयोग भएको ।
- कूल **६,४८१** गर्भवती महिला र ० देखि ५९ महिनाका बालबालिकाका आमा र हेरचाहकर्तालाई वर्षैभरी पोषण र बौद्धिक अपाङ्गतासम्बन्धी परामर्श प्रदान ।
- **२२८** परिवारलाई सुरक्षित पीउने पानीको व्यवस्था गर्न सातवटा खानेपानी आयोजनाहरूको निर्माण र **२,१२७** परिवारका लागि **३६०** वटा ह्याण्डपम्पको जडान र सञ्चालन ।
- कूल **६१** वटा नागरिक आवाज समूह गठन तथा स्वास्थ्य सेवा सुधार कार्ययोजनाको निर्माण ।
- सहयोग गरिएका ८०० परिवारमध्ये प्रकोपको सामना गरेका **५६३** (७० प्रतिशत) परिवार प्रकोप अघिकै स्तरमा फर्कन र जीविकोपार्जन गर्न सक्षम ।
- **३६५** उत्पादक समूहका ८,००० भन्दा बढी उत्पादकहरू बजार निर्देशित उत्पादनमा संलग्न र विभिन्न किसिमका कार्यक्रमहरूको कार्यान्वयबाट **३०** प्रतिशतले उत्पादनमा वृद्धि ।
- ८६ प्रतिशत महिलाहरू सहित **५,५००** भन्दा अधिक सदस्यहरू सशक्त भई सकारात्मक बचत व्यवहारको अभ्यासमा संलग्न । **२७८** वटा पोषणका लागि वचत समूहमा सहभागिता जनाई घरायसी आयव्ययको व्यवस्थापन गर्ने सीपमा सुधार ।
- ९२ उत्पादक समूहहरू बजारमा सामुहिक रूपमा आफ्ना उत्पादन विक्री गर्न सफल र कूल **४९२** उत्पादन समूहहरू एकल महिलाको नेतृत्वमा सञ्चालित।
- अति बिपन्न **३३७** परिवारहरू स्थानीय रूपमा तोकिएको मापदण्ड पुरा गरि गरिबीबाट उम्कीन सफल भएका छन् । सामाजिक सुरक्षा योजनामा नसमेटिएका ८१ परिवारलाई त्यस्ता योजनाबाट लाभ लिएका ।
- **४५** वटा जलवायुमैत्री विद्यालयको निर्माण सम्पन्न, उत्पादन बढाउने उद्देश्यले **२,१७०** भन्दा अधिक संख्यामा किसानहरू जलवायुमैत्री कृषि प्रणालीको अभ्यासमा संलग्न ।

> *हामीसँग पर्याप्त पौष्टिक आहार र सुरक्षीत पिउने पानी थिएन, जसका कारण विगतमा हामीले विभिन्न स्वास्थ्य समस्याहरू भोग्नु पर्‍यो । वर्ल्ड भिजनबाट सहयोग पाएपछि, मेरो परिवार हामीलाई स्वस्थ र पौष्टिक खाना उपलब्ध गराउन सक्ने भयो । अहिले हामी दैनिक ताजा तथा अर्ग्यानिक तरकारी खान्छौं । हामी स्वस्थ छौं र नियमित रूपमा विद्यालय जान्छौं । वित्तीय साक्षरता कक्षामा भाग लिएपछि मैले केही पैसा वचतपनि गर्न थालेको छु, जुन भविष्यमा हाम्रो उच्च शिक्षाका लागि प्रयोग हुनेछ ।*
> — निरूता

आर्थिक वर्ष २०२३ मा पोषण तथा उत्थानशील जीविकोपार्जन कार्यक्रमको माध्यमबाट स्वास्थ्य संस्था संचालन र व्यवस्थापन समिति, नागरिक आवाजसमूह, स्वास्थ्य आमा समूह, उत्पादक समूह, अति विपन्न परिवार र अन्य सम्बन्धित सरोकारवालाहरू जस्ता विभिन्न समिति तथा संरचनाहरूको क्षमता विकासमा उल्लेख्य सफलता हासिल भएको छ । सहयोगी कार्यक्रमहरूको कार्यान्वयनबाट स्वास्थ्य, पोषण, जीविकोपार्जन, खानेपानी, सरसफाई र स्वच्छता जस्ता सेवाहरूको पहुँचमा समेत उल्लेख्य सुधार भएको छ । समुदायमा अपेक्षित परिणाम हासील गर्न माग र आपूर्ति दुवै पक्षहरूसंग सम्बन्धित कार्यक्रमहरूको कार्यान्वयन गरिएको छ ।

सफलताको कथा

हाल ३० महिनाको उमेरकी दिव्यांकाजन्मेको एक महिना पछि उनको तौल घटदै गयो । परिवारमा भएको आर्थिक उथलपुथल र खाद्यान्न अभावका कारण दिव्यांका कुपोषणबाट ग्रस्त भइछन्, त्यसैले उनलाई पि.डि.हर्थ कार्यक्रममा समावेश गरियो । १२ दिन लामो कार्यक्रममा दिव्यांकाकी आमा बबिताले स्थानीय स्तरमा उपलब्ध चामल, घीउ, तरकारी, गहुँको पिठो लगायतका सामग्रीहरू प्रयोग गरी विभिन्न पौष्टिक खाना बनाउने विधी र तरिकाहरू सिक्न पाइन् । छोरीको पोषण अवस्था सुधारका लागि प्रयासरत बबिताले आफुले सिकेको कुरा व्यवहारमा उतारिन् । एक महिनाको प्रयासमै उनकी छोरीको तौलमा पर्याप्त वृद्धि भयो र बबिताको मेहनतले राम्रो नतिजा ल्यायो ।

मेरी छोरीलाई अचेल भोक जागेको छ, र उनी मज्जाले खाना खान्छिन् । पि.डी.हर्थलाई धेरै धन्यवाद । अब म मेरा बच्चाहरूका लागि उपलब्ध खाद्य सामग्रीबाट सन्तुलित र पौष्टिक खाना तयार गर्न सक्षम भएको छु ।



पि.डि. हर्थ, १० देखि १२ वटा शैक्षिक तथा व्यवहारीक सत्रहरू समावेश गरिएको, तालिमप्राप्त स्वयंसेवकले सञ्चालन गर्ने र व्यवहार परिवर्तनमा सहयोग गर्ने कार्यक्रम हो । आमाहरू सबैलाई संगै राखेर सञ्चालन गरिने सत्रहरूले कुपोषित बालबालिकाका आमा तथा हेरचाहकर्ताहरूलाई आफ्ना बच्चाहरूका लागि सर्वोत्तम पिठो तथा पोषिलो जाउलो पकाउने प्रकृयाको महत्वबारे जानकारी हासिल गर्न सक्षम बनाउँछन् ।

# टनेल खेती सहयोग कार्यक्रम मार्फत परिवारमा आर्थिक सुधार



पहाडी परिवारको आम्दानी एकदमै कम थियो । जसका कारण कापी, किताब लगायतका विद्यालयका आवश्यक सामग्री जुटाउने श्रोतको अभावमा उनका छोरा र छोरी दुवै विद्यालय जान छाडेका थिए । ज्याला, मजदुरीनै उनको आम्दानीको मूख्य श्रोत थियो । परिवारका बाँकी सदस्यहरू निर्वाहमूखी खेतिपातीमा संलग्न थिए । तरकारी उत्पादनमा सुधार गर्न र मूल्य श्रृंखलामा अभिवृद्धि ल्याउने र न्यून आय भएका मानिसहरूले आयका विभिन्न श्रोतहरूबाट लाभ लिन सकुन् भन्ने उद्देश्यले एउटा उत्पादक समूह गठन गरियो । यस कार्यक्रमले पहाडीको परिवारलाई प्लाष्टिक टनेल बगैँचाका लागि तालिम र आवश्यक सामग्री उपलब्ध गराएर सहयोग गरेको थियो । उनी टनेलमा प्रशस्त तरकारी उत्पादन गर्न सफल भए र एकै सिजनमा गोलभैँडा बेचेर उनले लगभग ८०,००० कमाए । प्लाष्टिक टनेलमा उत्पादित तरकारी बिक्रीको आम्दानीले उनको परिवारका सदस्यहरूको आधारभुत आवश्यकताको परिपूर्ति र जीविकोपार्जनमा ठूलो टेवा पुगेको छ । अहिले उनका दुवै छोराछारी विद्यालयमा भर्ना भएका मात्र छैनन्, पौष्टिक खाना समेत खान पाउँछन् । आफ्नो परिवारको अवस्थामा थप सुधार गर्न पहाडीले अब व्यवसायिक तरकारी खेतीमा ध्यान केन्द्रित गरेका छन् ।




# बाल संरक्षण

**हिंसाबाट सुरक्षित बालबालिकाहरूको संख्यामा वृद्धि**

**प्रमूख उपलब्धीहरू:**

- सबै प्रकारको हिंसाको रोकथाम तथा सो को सामना गर्ने उपायहरू अपनाएको सुनिश्चित गर्न **९९** वटा रूपान्तरण समूहहरूलाई जीवन उपयोगी र आत्मसुरक्षा सीपद्वारा सशक्तिकरण ।
- **५,८९३** बालबालिका तथा किशोर-किशोरीहरूबाट रूपान्तरण सत्र, सामुदायिक पहल र समुदायमा आधारीत अभियानमूलक गतिविधीहरू मार्फत बालबालिकामाथि हुने हिंसा अन्यका लागि सहयोग ।
- अभिभावकहरूले आफ्ना बालबालिका तथा वयस्कहरूप्रति सकारात्मक व्यवहार गरून र घर परिवारमा उनीहरूलाई सहयोग गर्ने प्रणालीको विकास होस भन्ने उद्देश्यले **७,१०६** अभिभावकहरूलाई सकारात्मक अभिभावक कार्यक्रममा सहभागिता ।
- हानीकारक सामाजिक मुल्य मान्यता, अभ्यास र प्रचलन, बाल-विवाह, लागुऔषधको दुरूपयोग विरूद्ध सन्देश र सामुदाय तहका पहलहरू समावेश गरी बाल संरक्षणसम्बन्धी विभिन्न सन्देशहरू मार्फत समुदायका **१,३७९** सदस्यहरूलाई सचेतना सहयोग ।




> *यस परिवर्तनकारी यात्राको क्रममा, तनाव व्यवस्थापनको नयाँ ज्ञानले मलाई विद्यालयमा तनावको प्रभावकारी व्यवस्थापन गर्न सहयोग गऱ्यो । यो समग्र अनुभवले मेरो जीवनमा शिक्षाको महत्वलाई झनै उजागर गरेको छ र यसले मेरो भविष्यलाई आकार दिन अझै महत्वपूर्ण भूमिका खेल्छ भन्ने कुरा मलाई स्पष्ट भएको छ ।*
>
> — रूपान्तरण समूह सदस्य

- १७ वटा स्थानीय बाल अधिकार समितिहरूद्वारा बाल अधिकार र बाल संरक्षण प्रणाली अन्तर्गत न्युनतम मापदण्ड पुरा । १४ वटा बाल अधिकार समितिहरूबाट स्थानिय स्तरमा आ-आफ्नो बाल संरक्षण योजना बनाउन सहयोग ।
- बाल संरक्षण नीति तथा उपायहरूको तर्जुमा गर्न सुदुरपश्चिम तथा बागमती प्रदेश सरकारी निकायहरूसँग साझेदारी । बाल विवाह अन्त्यका लागि सुदुरपश्चिम प्रदेश सरकारबाट प्रदेश स्तरीय रणनीतिक कार्ययोजना निर्माणको शुरूवात तथा बागमती प्रदेश सरकारबाट बाल नीति बनाउने कार्यमा अग्रसरता ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको संरक्षण पहलहरूले बालबालिका र किशोरकिशोरीहरूलाई विभिन्न किसिमका सुरक्षा जोखिमहरूको पहिचान गर्न, रोकथाम गर्न र प्रतिक्रिया दिन समेत सक्षम बनाएको छ । रूपान्तरण समूहहरूमा सिकेका जीवन उपयोगी र सुरक्षात्मक सीपहरू मार्फत ५,८९३ बालबालिका र किशोरहरूलाई सशक्त बनाइएको थियो । सशक्त भएका यी बालबालिकाहरूले सामुदायिक तहमा अन्य बालबालिकामाथि हुने हिंसा अन्त्य गर्न अग्रसरता लिइरहेका छन् । यसबाहेक, स्थानीय सरकारहरूले बालबालिकाका लागिसुरक्षित वातावरण प्रदान गर्न र सुरक्षा जोखिमहरूलाई न्यूनिकरण गर्न, सक्रिय रूपमा नीति र कार्यक्रमगत उपायहरू अपनाइरहेका छन् । स्थानीय बाल अधिकार समितिको गठन, बाल संरक्षण नीतिको निर्माण र कार्यक्रमहरूको कार्यान्वयन दीर्घकालीन प्रभावका लागि दीगो पहलहरू हुन् ।

सफलताको कथा

## रूपान्तरण मार्फत आशा र उत्थानशीलताको खोजी

सात कक्षाका विद्यार्थी आयुष आफ्ना आमाबुवा र भाइसहित चार जनाको परिवारमा बस्थे । आफ्नो किशोरावस्थामा प्रवेश गर्दैगर्दा उनले आफ्नो दृष्टिकोण परिवर्तन गर्ने र आत्म-सुधारको यात्रामा अघि बढ्न सहयोग गर्ने एउटा अनौठो कार्यक्रमबारे थाहा पाएकोमा आफुलाई भाग्यमानी भएको महसुश गरे । परिवारको आर्थिक सङ्घर्षले चुलिँदै गएको तनावको आयुषले कुनै समाधान देखेनन् । पारिवारिक समस्याले आयुषको पढाई-लेखाइमा असर पुर्‍यायो । उनले आफ्नो पढाई नियमित गर्न सकेनन् र पढाई बिचैमा छोड्नु पर्नेसम्मको अवस्था आइलाग्यो । जब आफ्नो समुदायले रूपान्तरण जीवन उपयोगी सीप र आत्मरक्षा कक्षाबारे जानकारी पायो, उनले त्यसबाट आफ्नो जीवनमा आशाको नयाँ किरण फेला परेको अनुभव गरे ।

एउटा सत्र ९० मिनेट लामो हुने यस्ता कक्षाहरू प्रत्येक सप्ताहन्तमा आयोजित




हुन्छन् । वडा कार्यालयको निगरानीमा विशेष बाल चयन मापदण्डको आधारमा सावधानीपूर्वक छनौट गरिएका समुदायका अति जोखिममा परेका ३० जना बालबालिकाहरूलाई राखी यस्ता सत्रहरू संचालन गरिन्छन् । यस्ता कक्षाहरूमा दुईजना साथी शिक्षकहरूद्वारा छनौट भएका बालबालिकाहरूलाई आवश्यक सहजीकरण र मार्गदर्शन प्रदान गरिन्छ । आयुष छनौटमा परेका ३० बालबालिकामध्ये एक थिए, जसले यो परिवर्तनकारी कक्षामा भाग लिने अवसर पाएका थिए । नियमीत रूपमा सहभागी भएपछि आयुषले रूपान्तरण कक्षामा उनको विद्यालयको शिक्षाभन्दा फरक र अनौठो तरिकाको सिक्न पाएको अनुभव गरे ।

फर्केको आत्मविश्वासबाट उत्प्रेरित भएका आयुषले आफ्नी आमालाई विद्यालयमा पढाइलाई निरन्तरता दिन आफूले समस्या भोगिरहेको कुरा बताए । उनीहरू दुवैले समस्या समाधान गर्न आयुषको विद्यालयका शिक्षकलाई सम्पर्क गरे । आयुषको आर्थिक अवस्थालाई ध्यानमा राखी विद्यालयले उनलाई निशुल्क शिक्षा प्रदान गर्नेनिर्णय गर्‍यो । जसले उनलाई ढुक्कसँग विद्यालय जान सहयोग गर्‍यो । उनको चाहना समुदायका आफुजस्तै बालबालिकाहरूले यो परिवर्तनकारी कक्षाहरूबाट लाभ लिउन भन्ने हो, जसले तनाव कम गर्न र सकारात्मक बानीको विकास गर्दै अपेक्षित लक्ष्यहरू प्राप्त गर्न आवश्यक पर्ने आत्मविश्वास प्रदान गर्दछ ।

# विपद् जोखिम व्यवस्थापन र प्रतिकार्य



## विपद् प्रतिकार्य

जुम्ला, मुगु, जाजरकोट, कैलाली, डोटी, महोत्तरी, सर्लाही, उदयपुर, रौतहट र सिन्धुली जिल्लामा पहिरो, बाढी, भूकम्प, शीतलहर, आगलागी र हावाहुरीबाट प्रभावित १,७१९ बासिन्दालाई खाद्यान्न तथा गैर खाद्य सामग्री सहयोग गरियो । यसैगरी डोटी, कैलाली, उदयपुर, सिन्धुली, महोत्तरी र रौतहट जिल्लाका १४ नगरपालिकाका स्थानीय विपद् व्यवस्थापन समितिहरूलाई खोज तथा उद्धार सामग्री प्रदान गरियो । यसैगरी जाजरकोटको नलगाढमा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई समेत आपतकालीन खोज तथा उद्धार सामग्री सहयोग गरिएको थियो ।

वर्ल्ड भिजनले क्याथोलिक रिलिफ सर्भिसेजसँगको सहकार्यमा लमजुङ जिल्लामा स्थानीय विपद् र जलवायु प्रतिरोधी योजना (एल.डी.सी.आर.पी) तर्जुमा गर्नपनि सहयोग गरेको छ । त्यस्तै कैलालीको जानकी, भजनी र टीकापुर लगायतका स्थानीय सरकारलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नपनि सहयोग गरिएको थियो ।

- सम्भावित विपद् तथा आकस्मिक प्रतिकार्य स्वरूप लमजुङ क्षेत्रगत कार्यक्रम (एरिया प्रोग्राम) लाई सौर्य बत्ती, नाइलन कपडा, कम्बल, गद्दा र त्रिपाल गरी **४५** थान गैर खाद्यवस्तुहरू सहयोग गरियो ।
- **१३** वटा स्थानीय विपद् व्यवस्थापन समितिहरूलाई विपद् न्यूनीकरणमा सहयोग गर्ने उद्देश्यले आपतकालीन तथा उद्धार सामग्रीहरूसमेत सहयोग गरिएको थियो ।






## क्षमता विकास कार्यशाला

वर्ल्ड भिजनले विपद् जोखिम व्यवस्थापनलाई सुदृढ गर्न विभिन्न तहमा सरकारलाई सहयोग गर्ने लक्ष्य राखेको छ । जस अन्तर्तग वर्ल्ड भिजनको विपद् जोखिम व्यवस्थापन कार्यक्रम मार्फत, लमजुङ जिल्लामा वडा स्तरीय विपद् व्यवस्थामन समितिहरूको क्षमता विकास गर्ने उद्देश्यले स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्देशिकामा उल्लेख भएका जोखिम न्युनीकरणका उपायसम्बन्धी कार्यशाला समेत संचालन गरिएको थियो । आर्थिक वर्ष २०२३ मा कूल १६६ सामुदायिक विपद् व्यवस्थापन समितिहरू गठन गरी ६० वटा कार्यदलहरूलाई अभिमुखीकरण समेत प्रदान गरियो । महोत्तरी र सर्लाही जिल्लामा त वर्ल्ड भिजनलाई दुवै जिल्लाको अग्रणी सहयोगी निकायको रूपमा खटाइएको थियो ।

# NEPAL INNOVATION LAB
# नेपाल इनोभेशन ल्याब

## रमाइलो यात्रा (बोर्डगेम)

वर्ल्ड भिजनले विद्यालय जाने विद्यार्थीहरूलाई लक्षित गरी बालबालिकासँग सम्बन्धित सुरक्षा र सामाजिक सवालहरूको रिपोर्ट गर्ने तरिकाहरू समेटिएको बोर्डगेमको विकास गरेको थियो । वर्ल्ड भिजको कार्यक्षत्रमा रहेका सार्वजनिक विद्यालय तथा बाल क्लबहरूलाई उक्त गेमका नेपाली भाषाका कुल १,९८२ प्रति वितरण समेत गरिएको थियो ।

नमूना अध्ययनको प्रारम्भिक निष्कर्षले कार्यक्रमबाट लाभ लिएका समूहका ९४ प्रतिशत बालबालिकाले खेलबाट सिकेको ज्ञानलाई आफुले व्यवहारमा उतारको बताए । यसका अतिरिक्त ९१ प्रतिशत बालबालिकाहरूले उनीहरू यो खेल अरूलाई पनि खेल्न र यसबाट सिक्न सल्लाह दिने बताएका छन् ।

आर्थिक वर्ष २०२३ को वर्ल्ड भिजन ग्लोबल इनोभेशन च्यालेन्जको एक अंगको रूपमा वर्ल्ड भिजन इन्टरनेशनलले वर्ल्ड भिजन सोमालियासँग साझेदारी गरी बोर्डगेमको नेपालमा गरेको कार्यान्वयनबाट हासिल भएका सिकाइहरूबाट लाभ लिँदै उक्त गेमलाई नयाँ देश र सोमालियाको स्थानीय परिवेश अनुरूप तयार गरी बिस्तार गर्न समेत प्रस्ताव गरेको छ ।

## स्टोरी अफ इनोभेसन पोडकाष्ट

आर्थिक वर्ष २०२३ मा वर्ल्ड भिजनले आम दर्शकमाझ **स्टोरिज अफ इनोभेशन** नामक पोडकाष्ट उत्पादन गरेको छ । प्रसारणको पहिलो त्रैमासिकमा ११ वटा श्रृंखलाहरूको उत्पादन कार्य सम्पन्न गरियो जसमा यु.एस.ए.आई.डीका दक्षिण र मध्य एशियाका लागि क्षेत्रीय ब्यूरो प्रमूख र नेपालका लागि युरोपियन युनियनका राजदुत जस्ता विशिष्ट अतिथिहरू सँगको कुराकानी समावेश गरिएको थियो । ती ११ श्रंखलाहरू वर्ल्ड भिजन नेपालका प्रमूख स्ट्रिमिङ प्लेटफर्महरू: एप्पल म्यूजीक, स्पोटिफाई, गुगल पोडकाष्ट र युट्युव मार्फत सफलतापूर्वक प्रसारण गरियो ।
यसैगरी दोश्रो पटक ७ देशहरू सहभागी भएको पोडकाष्टले वर्ल्ड भिजनको महिला हिंसा अन्त्य सम्बन्धि विश्वव्यापी अभियानलाई साथ दिँदै "संसारले चाहेको, परिवर्तनका कथाहरू" शिर्षकको पोडकाष्ट श्रृंखलाको उत्पादन तथा प्रसारण समेत गऱ्यो ।






## पाइपर परियोजना

वर्ल्ड भिजनले कैलालीको टीकापुर र भजनी नगरपालिकामा प्लाष्टिक इनसुलेटिङ पोलिफ्लस फर इकोनोमिक रूफिङ अर्थात पाइपर परिक्षण परियोजना कार्यान्वयन गरी दुई सामुदायिक विद्यालयका १२ वटा कक्षाकोठामा रिसाइकल प्लास्टिकबाट बनेको पोलिफ्लस इन्सुलेटेड छाना जडान सम्पन्न गरेको छ । कक्षाकोठाको तापक्रमलाई ८ डिग्रीसम्म कम गर्न सफल उक्त परिक्षणबाट कक्षामा उत्पन्न हुने कोलाहल समेत कम गरी सिकाइका लागि चाहिने समग्र वातारणमा सुधार ल्याउन सफल भयो । सो परिक्षणको निष्कर्ष र उपलब्धीलाई निजी क्षेत्र, विकास साझेदारहरू र सरकारका प्रतिनिधीहरूका विचमा एउटा कार्यक्रम आयोजना गरी सार्वजनिक समेत गरिएको थियो । नेपाल ल्यावको परिक्षणबाट प्राप्त सिकाइका आधारमा अन्य विद्यालयमा समेत कार्यक्रम विस्तार गर्नुका साथै जीविकोपार्जनका लागि सहयोगका विकल्पहरूको खोजी र विस्तार गर्ने परियोजना समेत संचालन भइरहेका छन् ।

# सहयोग तथा अनुदान

वर्ल्ड भिजन नेपाल अनुदानको प्राप्ती र सहयोगमा अघि बढिरहेको छ । आर्थिक वर्ष २०२३ मा वर्ल्ड भिजन नेपालले अष्ट्रेलियन एनजीओ कर्पोरेशन कार्यक्रम सिकाई', अन्तरगत अष्ट्रेलिया सरकारबाट अनुदान प्राप्त परियोजनाहरूः मोफा जापानको- 'समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण', लेगोको 'उज्वल बाल्यकालका लागि सुखद अभिभावकत्व', र स्टार्ट फन्ड नेटवर्कको 'दुलहीहरूलाई सुनौं, र 'सोसल प्लाष्टिक' नामका कार्यक्रमहरू कार्यान्वयन गऱ्यो । यी अनुदानहरूले बाल संरक्षण प्रणालीको सुदृढीकरण, सुधारिएको जीविकोपार्जन, बालबालिकाको पोषण स्थितिमा सुधार, बालबालिकाको गुणस्तरीय र समावेशी शिक्षाको स्थितिमा सुधार गर्नुका साथै स्थानीय समुदाय, राष्ट्रिय तथा अन्तर र्ष्ट्रिय गैर सरकारी संस्था र तीनै तहका सरकारसँगको समन्वय र साझेदारीमा विपद् प्रतिरोधी समुदायहरूको निर्माण गर्न समेत सहयोग गरेको छ ।



# बालस्पोन्सरसीप कार्यक्रम

वर्ल्ड भिजनको बाल स्पोन्सरसीप कार्यक्रमले अति जोखिममा परेका बालबालिकाहरूलाई प्रायोजकहरूसँग जोडने कार्य गर्दछ । स्पोन्सरसीप को लक्ष्य बालबालिकाको अवस्था सुधार गर्नु हो । अति जोखिममा परेका बालबालिकाहरू वर्ल्ड भिजनका स्पोन्सरसीप कार्यक्रमहरूमा दर्ता हुन्छन् र सो कार्यक्रमले उनीहरूलाई पूर्ण जीवनको आनन्द उठाउन वञ्चित गर्ने अवरोधहरू हटाउन मद्दत गर्छन् । परियोजनाका गतिविधीहरूले समुदायका प्रायोजनका लागि दर्ता भएका बालबालिकाहरूलाई मात्र नभई, समुदायमा रहेका सबै बालबालिका र उनका परिवारलाई समेत लाभ पुऱ्याउँछ । आर्थिक वर्ष २०२३ मा वर्ल्ड भिजनको कार्यक्रममार्फत कूल ६८,००० बालबालिकाहरूले लाभ लिएका थिए ।

सफलताको कथा

## प्रायोजन मार्फत सपना संगाल्दै राहुलः उत्थाशीलताको क्षेत्रमा कलात्मक यात्रा

'वर्ल्ड भिजनको प्रायोजित बालक भएका कारण मैले अवसरहरू पाएको छु, जसका कारण मैले मेरो सपनालाई पछ्याउने आत्मविश्वास प्राप्त गरेको छु',- संकल्पले भरिएका आँखाहरू उज्यालो पार्दै राहुलले भने । साधारण परिवारमा जन्मेका राहुलको घरमा ठूलो दुर्घटना भएको थियो जसका कारण उनी तीन वर्षको हुँदा उनको शरीरको देब्रे भागमा पक्षघात हुन पुग्यो । अहिले १७ वर्ष पुगेका राहुल स्पोन्सरसीपबाट लाभान्वित बालकको रूपमा आफ्नो शारीरिक अवस्थाको बाबजुदपनि कलाप्रतिको मोहलाई पूरा गर्न लागिपरेका छन् । हङ्कङ्गमा रहेका उनका स्पोन्सर र राहुलको बीचको भौतिक दुरी जतिसुकै भए पनि, कला उनीहरूको आपसी संसारलाई जोड्ने पुल बन्यो । राहुलले प्रेरणाको स्रोत भेट्टाएका छन्, जसले उनको भविष्यलाई आकार दिनेछ । आफ्नो चित्रबाट, राहुलले





प्रेरणा र प्रोत्साहन पाए । 'मेरो चित्रकलाले प्रशंसा पाउदा मलाई यो क्षेत्रमा निरन्तर अगाढी बढने हौसला प्राप्त हुन्छ',- ओठमा मन्द मुस्कानसहित उनले बताए । उनका दाजु र घरका अन्य अभिभावकहरूपनि राहुलको कलाकृतिका बारे त्यस्तै अनुभुती गर्छन र उनले चालेका हरेक प्रयासहरूमा सहयोग गर्छन् ।

वर्ल्ड भिजनका साथमा राहुलको यात्रा करिब छ वर्ष लामो छ, यस अवधिमा उनले आफुभित्र रहेको जोश र सामर्थ्यको खोज र विकास गरेका छन् । उनले संस्थाका विभिन्न जीवनोपयोगी सीप विकास गतिविधिहरूले आफ्नो जीवनमा मात्र नभई समुदायका उनीजस्ता अन्य धेरै बालबालिकाको जीवनमा पनि परिवर्तन ल्याएको बताए । "अन्य साथीहरूसँग जीवनोपयोगी तालिममा भाग लिएर, मैले हाम्रा अधिकार र जिम्मेवारीहरू मात्र सिकिँन, यसले मलाई मेरो समुदायका गतिविधिहरूमा भाग लिनको लागि थप सचेत र आत्मविश्वासी पनि बनायो,"- कृतज्ञता मिश्रित आवाजमा उनले भने । वर्ल्ड भिजनको हाँस्य लेखन र चित्रकला कार्यक्रमको सहभागीको रूपमा राहुलले हासिल गरेको उपलब्धीले उनलाई यो क्षेत्रमा लाग्न उत्साहित बनायो, किनकी उनले जीवनमा पहले कहिल्यै यस्तो अनुभव गरेका थिएनन् ।

उनकी आमा भन्छिन्, "राहुलले आफ्नो कलात्मक क्षमता आफैँमा सिमित राख्थे, अरूलाई देखाउँदैन थिए । उसको कलाकृति बनाउने कामको लागि सामानहरू किनेर दिने सामर्थ्य मसँग थिएन । उसलाई के सामग्री चाहिन्छ, त्यो पनि मलाई थाहा थिएन । वर्ल्ड भिजनबाट ती सामग्रीहरू प्राप्त गरेपछिको उसको खुशी मेरो सम्झनामा अझै ताजै छ । ती सामानहरूको प्रयोग गरेर उसले धेरै सुन्दर कलाकृति बनायो । उसको कलाले हङ्कङ्का अरू साथीहरूलाई पनि यो बाटोमा लाग्ने प्रेरणा मिलेको छ।"

चित्र कोर्ने र त्यसमा सुन्दर रंगहरू भर्ने राहुलको जाँगर र कलाकारिता बाल्यकाल देखि नै प्रष्ट देखिएको थियो । आफ्नो स्पोन्सरहरूबाट पाएको प्रोत्साहनको उनी कदर गर्छन् । उनी भन्छन्, "कलाप्रति मेरो लगाव छ, तर वर्ल्ड भिजनले दिएको प्रोत्साहन र अवसरहरू बिना म कलाप्रतिको मेरो लगावलाई पछ्याउने आत्मविश्वास जुटाउन सक्ने थिइँना" १४ वर्षको उमेरमा आइपुग्दा उनले हाइस्कूलमा कला पढ्ने दृढ निश्चय गरे । परिवारबाट पूर्ण सहयोग पाएका राहुलले आफ्नो कला यात्रालाई उत्साहकासाथ अंगाले । हाल उनी ललितकला अध्ययन गर्दैछन्। राहुलले आफ्नो शारीरिक अवस्थाको असर आफ्नो रचनात्मक कार्यमा पर्न दिएनन् ।

अटल संकल्पकासाथ चित्र तथा चित्रकलालाई आत्म-अभिव्यक्तिको शक्तिशाली माध्यमको रूपमा प्रयोग गर्दै आफ्नो सिर्जनालाई निरन्तरता दिए । बाघभैरबको चित्र उनलाई सबैभन्दा मनपर्ने चित्रहरूमध्येको एक हो, सावधानीपूर्वक रंग र छाँयाहरू भर्दै सो चित्रलाई जीवन्त बनाउन र त्यसलाई पुरा गर्न उनलाई तीन हप्ता लाग्यो । राहुलको कलाकारीताको सपनालाई वर्ल्ड भिजनको बाल प्रायोजन कार्यक्रमले सहयोग गर्‍यो र उनलाई कला र हाँस्य पुस्तक निर्माण गर्न आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसरहरू प्रदान गर्‍यो । उनका कलाकृतिहरू स्थानीय सरकार निकायका कार्यक्रमहरू भएका बखत प्रदर्शन गरियो र वर्ल्ड भिजन नेपालका



डायरी, क्यालेन्डर, र प्रायोजकहरूलाई पत्र पठाउन प्रयोग गरिने खामहरूमासमेत समावेश भएको छ । यो पहिचान एक कलाकारको रूपमा आफ्नो पेशालाई अगाडी बढाउन राहुलको लागि ठूलो प्रेरणा थियो ।

राहुलको यात्रा अरूका लागि प्रेरणा श्रोत हो, र कहिल्यै हार नमानी आफ्नो आकांक्षाहरूलाई पछ्याउने कामले जीवनमा चमत्कारहरू पनि हुनसक्छन भन्ने प्रमाण हो । उनी उदाहरणद्वारा नेतृत्व गर्ने प्रयास गर्छन् र चुनौतीहरूका विचमापनि आफ्ना आकांक्षाहरू पुरा गर्न अरूलाई प्रेरणा दिन्छन् । दृढ संकल्प र उत्थानशीलताको रंगले आफ्नो भविष्यलाई रंगीन बनाइरहँदा उनी र उनको परिवार वर्ल्ड भिजनको सहयोगमा उनले हासील गरेका उपलब्धीहरूलाई निरन्तरता दिन लागिपरेका छन् ।

बाल प्रायोजन, वर्ल्ड भिजनक कार्यक्रमहरू मध्यको एक सफल र नमुना कार्यक्रम हो, जसले राहुल जस्ता ६८,००० भन्दा बढि बालबालिकालाई र उनका परिवारका लागि क्षमता अभिवृद्धि र सचेतना कार्यक्रम मार्फत उनीहरूका सपना साकार पार्न सहयोग गर्छ । वर्ल्ड भिजनले बाल प्रायोजन कार्यक्रम मार्फत समुदायको दीर्घकालीन हितका लागि बालबालिकाहरूको कल्याणको क्षेत्रमा लगानी गरी समुदायमा आधारित बालबालिका केन्द्रित मोडलको कार्यान्वयन गर्दछ । वर्ल्ड भिजनको बाल प्रायोजन मोडलले अन्ततः बालबालिका र नीजका परिवारलाई शिक्षा, जीविकोपार्जन, संरक्षण, स्वास्थ्य र पोषण गतिविधीहरू मार्फत बालबालिकाको सम्वृद्धिमा योगदान गर्दछ ।

# पैरवी र अभियान


प्रभातफेरी
मितिः २०८०/५/७ गते बिहीवार
समयः बिहान ७:०० बजे
भेला हुने स्थान :- बिच भाजंगल, (फल्चा), की.न.पा. ७






## नीतिगत परिवर्तनका लागि स्थानीय, राष्ट्रिय तथा विश्वव्यापी पैरवी

वर्ल्ड भिजनले बालबालिकासँग सम्बन्धित नीतिहरूलाई प्रभाव पार्न सबै तहका सरकारहरूसँग सहकार्य गरेको छ । सरकारका मन्त्रालयहरूसँगको हाम्रो निरन्तरको सहकार्यले संघीय तथा प्रादेशिक तहमा २४ वटा नीति तथा निर्देशिकाहरू निर्माण गर्ने प्रकृयामा सहयोग पुगेको छ ।

वर्ल्ड भिजनले बालबालिकाहरूको संलग्नतालाई सहजीकरण गर्दै आफ्नो कार्यक्षेत्रका बालबालिकालाई क्षेत्रीय बालश्रम मञ्चमा सहभागी गरायो । सन् २०२२ डिसेम्बर महिनामा बालश्रम सम्बन्धी सार्क स्तरको क्षेत्रीय कार्ययोजनालाई अन्तिम रूप दिन आवश्यक सल्लाह, सुझाव समेत प्रदान गऱ्यो ।

त्यसैगरी, २०२३ को अप्रिल महिनामा काठमाण्डौमा सम्पन्न क्षेत्रीय बालविवाह विरूद्धको मञ्चको आयोजनामा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले पनि साझेदारी गरेको थियो जसमा देशभरीका बालबालिकाले भाग लिएर सरकार निकायका प्रतिनिधिहरूलाई बालविवाहको समस्या बारेमा सुझाव समेत दिएका थिए ।

बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धीको रिपोर्टिङ प्रक्रियालाई प्रभावित गर्न, सन् २०२३ को अप्रिल महिनामा एउटा राष्ट्रिय प्रमाणीकरण कार्यशाला आयोजना गरिएको थियो । त्यस कार्यशालामा रौतहट र किर्तिपुर लगायत वर्ल्ड भिजन नेपालका कार्यक्षेत्रका बालबालिकाले सक्रिय सहभागीता जनाएका थिए । उनीहरूले यसअघि प्रादेशिक स्तरका कार्यशालाहरूमा पहिचान गरेका समस्याहरूबारे छलफल गरी पाँच सदस्यीय प्रतिवेदन लेखन टोली समेत बनाएका थिए ।

वर्ल्ड भिजनले नेपाल एसडीजी फोरमसँग साझेदारी गरी सेप्टेम्बर महिनामा मधेश प्रदेशमा प्रदेश स्तरीय संवाद कार्यक्रमको समेत आयोजना गरेको थियो । उक्त कार्यक्रम प्रदेश तहमा दीगो विकास लक्ष्यप्रतिको बुझाई र कार्यान्वयनलाई अगाडी बढाउन घनिभुत रुपमा छलफल र प्रस्तुतीकरण गर्ने मञ्चको रूपमा स्थापित भएको थियो । त्यसैगरी, सोही महिनामा ' बालबालिकासँग सम्बन्धित दीगो विकास लक्ष्यका सूचकहरूको प्रगति समीक्षा र परामर्श वैठक' नामको राष्ट्रिय स्तरको कार्यशाला काठमाण्डौंमा आयोजना गरिएको थियो ।




## बालमैत्री स्थानीय शासन

वर्ल्ड भिजनको सहयोगमा आर्थिक वर्ष २०२३ मा लमजुङ जिल्लाको बेशीशहर नगरपालिका वडा नं २ र १०, उदयपुर जिल्लाको उदयपुरगढी गाउँपालिका, वडा नं १, सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका, वडा नं ५ र काठमाण्डौ जिल्लाको किर्तिपुर नगरपालिका, वडा नं ७ गरी कूल पाँच वटा वडामा बालमैत्री स्थानीय शासन घोषणा गरिएको छ । उक्त घोषणाले आफ्नो समुदायबाट बालविवाह र बालश्रम उन्मूलन गर्ने स्थानीय सरकारको प्रतिवद्धता पुरा भएको छ । वर्ल्ड भिजनले जाजरकोट जिल्ला स्थित भेरी नगरपालिकाको अनुरोधमा बाल अधिकारका लागि कार्य गर्ने नगरपालिका र नागरिक समाज संगठनहरूलाई प्राविधिक सहयोग उपलब्ध गराएको छ । सन् २०२३ को मार्च महिनामा आयोजित अभिमुखिकरण कार्यशालाले नगरपालिकाका प्रतिनिधीहरूको बालमैत्री स्थानीय शासन प्रतिको बुझाइ अझ स्पष्ट पार्न र उक्त स्थानीय शासनको कार्यान्वयनमा आवश्यक पर्ने योजना बनाउने कार्यमासमेत सहयोग गऱ्यो ।

यो सरकारात्मक गतिलाई निरन्तरता दिँदै वर्ल्ड भिजनले बालमैत्री स्थानीय शासनलाई राष्ट्रिय स्तरको पैरवीको रूपमा विस्तार गर्न राष्ट्रिय बालमैत्री स्थानीय शासन मञ्चसँग समेत सहकार्य गरिरहेको छ । सन् २०२३ को मे महिनामा काभ्रे जिल्लाको धुलिखेलमा बालमैत्री स्थानीय शासनको अभ्यासमा संलग्न अभ्यासकर्ताहरूको लागि तालिम आयोजना गरिएको थियो । उक्त तालिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय बालमैत्री स्थानीय शासन मञ्च र बालमैत्री स्थानीय शासनको क्षेत्रमा कार्य गर्ने पेशाकर्मीहरूले सञ्चालन गरेका थिए । ततपश्चात सोही वर्षको जुन महिनामा वर्ल्ड भिजन नेपालको सहयोगमा बालमैत्री स्थानीय शासन राष्ट्रिय कार्यशालाको आयोजना गरियो, जहाँ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र नेपाल रेडक्रस सोसाइटीले बाल अधिकारका लागि कामगर्ने नागरिक समाज संगठन तथा प्रतिनिधीहरूसँग बालमैत्री स्थानीय शासनलाई स्थानीय तहसम्म विस्तार गर्न चलाउनुपर्ने अभियानका विषयमा छलफल भएको थियो ।

वर्ल्ड भिजन नेपालले बालमैत्री स्थानी शासन मञ्चसँग मिलेर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत बाल भेलकसँग सम्बन्धित निर्देशिकाहरू पेश गर्नेकार्यमा पनि सहयोग गऱ्यो । निरन्तर गरिएको जनवकालतको परिणामस्वरूप मन्त्रालयले उक्त निर्देशिकाहरूलाई अनुमोदन गर्नुकासाथै सबै नगरपालिकाहरूलाई निर्देशिकाको पालना गर्न अनुरोध समेत गऱ्यो ।




## नेपाली जुटौं, बालविवाह रोकौं अभियान

सन् २०१७ देखि २०२३ को अवधीमा वर्ल्ड भिजनले सबै तहका सरकार, राजनैतिक नेतृत्व, कुटनीतिज्ञ, नागरिक समाजका प्रतिनिधी, बालबालिका, शिक्षाविद, निजी तथा कर्पोरेट क्षेत्रहरूसँग सहकार्य गऱ्यो । वर्ल्ड भिजनले प्रणालीहरूको सुदृढीकरण, बालबालिका, किशोर-किशोरी र तिनका परिवारको व्यवहारमा परिवर्तन र नीतिको प्रभावकारी कार्यान्वयनमा प्रभाव पार्ने लक्ष्यका साथ अभियानहरू पनि सञ्चालन गऱ्यो । यसले आफ्नो कार्यक्षेत्रका ३० भन्दा अधिक संख्यामा रणनीतिक साझेदार र कार्यान्वयनमा साझेदारी गरेका कूल ४० वटा गैर सरकारी संस्थाहरूसँग सहकार्य गऱ्यो ।

सचेतना कार्यक्रम, लोकप्रीय व्यक्तिहरूको परिचालन, क्रिकेट प्रिमियर लिग, निजी तथा बोर्डिङ स्कुल अर्गनाइजेसन नेपाल, चलचित्र महोत्सव जस्ता ठूला तथा लोकप्रीय कार्यक्रमसँगको सहकार्य लगायत सघन रूपमा स्थानीय, प्रदेश र संघीय, तहका सरकारहरूसँग गरिएको सहकार्यमूलक अभियान झण्डै चार लाख ५० हजार बालबालिका, किशोर-किशोरी, युवाहरु र उनीहरूका परिवारसम्म पुग्यो । अभियानले ५५० भन्दा वढी बालविवाहका घटना हुनबाट रोकेको छ र बालविवाहप्रति समुदायको दृष्टिकोणमा परिवर्तन ल्याई अरू धेरै विवाहहरूको न्यूनीकरणमा सहयोग गरेको छ ।

यस अभियानको अन्त्य भएतापनि वर्ल्ड भिजनले बालविवाहको मुद्दामा निरन्तर काम गरिरहने छ । वर्ल्ड भिजनले अभियानको गतिलाई निरन्तरता दिन सबै सरोकारवालालाई हातमा हात मिलाएर अघि बढ्न आग्रह गर्दछ ।

**नागरिक आवाज र कर्तव्य कार्यक्रमको उपलब्धि भनेको स्थानीयस्तरको पैरवीलाई सहज बनाउनु हो ।**

वर्ल्ड भिजनले स्वास्थ्य तथा शिक्षाका कार्यक्रमहरूमा नागरिक आवाज र कर्तव्य कार्यक्रम लागू गर्दै आएको छ । आर्थिक वर्ष २०२३ मा स्वास्थ्य कार्यक्रम अन्तरगत ६५ वटा स्वास्थ्य संस्थाले नागरिक आवाज र कर्तव्य अवलम्बन गरेका छन् भने शिक्षा कार्यक्रममा १०० भन्दा वढी विद्यालयले यसलाई लागू गरेका छन् । नागरिक आवाज र कर्तव्य समूहले स्वास्थ्य संस्था तथा विद्यालय व्यवस्थापन समितिहरूसँग सहकार्य गरी जवाफदेहिता सुनिश्चित गर्न कार्य गर्दछन् । आर्थिक वर्ष २०२३ मा विभिन्न कार्यशालाहरू मार्फत नागरिक आवाज र कर्तव्य समूहहरूलाई नीतिगत प्रावधानहरू र समूहले कार्यान्वयन गर्ने विद्यमान अभ्यासहरूको क्षेत्रमा सक्षम बनाइएको छ ।



# नेपाली जुटौं
## बाल विवाह रोकौं

# २०२३

१० वर्षे शिक्षा क्षेत्र योजना र शैक्षिक नीति निर्माण

बालविवाह न्यूनीकरण गर्न बालअधिकार समिति गठन र समितिको भूमिका र जिम्मेवारी, बालबालिका विरूद्ध हुने हिंसा र बालबालिका सम्बन्धी मुद्दाहरू बारे अभिमुखीकरण

बालबालिका सम्बन्धी नियमनको मस्यौदालाई अन्तिम रूप दिन कार्यशाला

'लिसनिङ्ग टु ब्राइड्स्' अनुसन्धान प्रतिवेदन सार्वजनिकिकरण

वर्ल्ड भिजनद्वारा स्थानीय स्तरको सन्दर्भ विश्लेषणलाई समर्थन गर्दै बालविवाह अन्त्यका लागि ५ वर्षे रणनीति योजना तर्जुमा गर्न सहयोग

'दक्षिण एसियामा बालविवाह अन्त्यका लागि क्षेत्रीय फोरम'मा बालबालिकालाई संलग्न गराउनको लागि पहल

लमजुङ, उदयपुर, सिन्धुली र काठमाडौंका ५ वटा वडामा बालमैत्री स्थानीय शासनको घोषणा- लमजुङ बेसीशहर वडा नं. २ र १०, उदयपुरको उदयपुरगढी गाउँपालिका वडा नं. १, सिन्धुलीको तीनपाटन वडा नं. ५ र काठमाडौंको कीर्तिपुर वडा नं. ७




| | | | | | |
|---|---|---|---|---|---|
| ७ | १६ | ४०+ | ५००+ | ४००,०००+ | ६०+ |
| वर्ष | जिल्ला | नीतिहरू | बाल विवाह रोकिएको | प्रत्यक्ष पँहुच | साझेदारहरू |

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैसलास)



वर्ल्ड भिजनले लैङ्गिक समानता र सामाजिक समावेशीकरण लाई यसका सबै कार्यक्रमहरूमा समावेश गरेको छ । वर्ल्ड भिजनले संस्थागत नीति र कार्यक्रमहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न अथक प्रयास गरेको छ । विभिन्न योजना तथा कार्यक्रमहरूमा लैसलास अवधारणा समावेश गर्नको लागि सम्भाव्यताको लेखाजोखा गर्ने र विद्यमान अवस्थाको पहिचान गर्नको लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मूल्याङ्कन पनि गर्ने गरेको छ । उक्त मूल्याङ्कन संस्थाका रणनीति, नीति र प्राथमिकताहरूमा, मुलप्रवाहीकरणका लागि संस्थाको क्षमतामा, साधन, श्रोत र पैरवीमा ४) कार्यक्रममा र संस्थागत संस्कृति र अभ्यासहरू जस्ता क्षेत्रहरुमा रहेको छ । सन् २०२३ मा पहिलो पटक सम्पन्न गरिएको लैसलास आत्म-मूल्याङ्कनमा वर्ल्ड भिजन नेपालद्वारा अनुमोदन गरिएका कार्यहरूलाई आगामी वर्षका लागि संस्थागत प्रतिबद्धताको रूपमा अगाडि बढाउन पनि संस्था कटिबद्ध रहेको छ । यसैको फलस्वरूप आर्थिक वर्ष २०२३ मा वर्ल्ड भिजनले नयाँ कार्यक्रम तथा परियोजनाहरूको योजना बनाउनु अघि लैसलासको अवस्था विश्लेषण गर्ने अभ्यास लाई निरन्तरता दिएको छ ।

**लैसलास विश्लेषणका प्रमुख उद्देश्यहरू यी हुन्:**

१. लिङ्ग, जात-जाती, संस्कृति, वर्ग, उमेर र शारिरीक अवस्थाका आधारमा सामाजिक संरचनाको पहिचान गर्नु,
२. सामाजिक अन्तरसम्बन्ध र यसको प्रभाव, र जोखिमको सामाजिक स्थिति बारे जानकारी प्राप्त गर्नु;
३. नीति, कार्यक्रम र परियोजनाहरूका विभिन्न तहमा समावेशी प्रतिनिधीत्वको बारेमा जानकारी प्राप्त गर्नु;
४. सामाजिक स्रोत, सामग्री र गैर-भौतिक लाभहरूमा महिला, पुरुष, अपागंता भएका तथा पछाडि पारिएका बर्गहरू तथा किशोरकिशोरीहरूको पहुँच र नियन्त्रणको पहिचान गर्नु;
५. लैंगिक आवश्यकताहरूको पहिचान गर्नु, महिला र पुरूषहरूको दृष्टिकोण लाई सन्तुलन गर्नु र अभिव्यक्त गर्न सहयोग गर्नु, र तिनीहरूको योगदानलाई विकास कार्यक्रमहरु र परियोजनाहरूको महत्वपूर्ण हिस्सा बनाउनु;
६. आमूल परिवर्तनका लागि सामाजिक, राजनीतिक र आर्थिक जीवनमा महिला र किशोरीहरूको सहभागिता र संलग्नता प्रवर्द्धन गर्नु;
७. कार्यक्रमगत आवश्यकताहरूको पहिचान र सुदृढ कार्यान्वयनका लागि सिफारिस प्रदान गर्नु ।

वर्ल्ड भिजन नेपाल आफ्ना कर्मचारीहरूलाई समान तथा भेदभाव रहित अवसरहरू प्रदानगर्न प्रतिबद्ध छ । यसका अतिरिक्त महिला, पुरूष र अपात्ता भएका व्यक्तिहरूका लागि काम गर्ने समान वातावरण दिनपनि प्रतिबद्ध छ ।

# कार्यक्रम जवाफदेहिता



वर्ल्ड भिजन, बालबालिका, समुदाय र सरोकारवालाहरू सहित कार्यक्रमका सबै सहभागीहरूको विश्वास र सम्मानलाई कायम राख्न पारदर्शी र जिम्मेवारीकासाथ कार्य गर्न प्रतिबद्ध छ । संस्थामा काम गर्नेहरूको आवश्यकता, सरोकार, क्षमता र स्वभावलाई सम्मान गर्ने उत्तरदायित्वलाई यसले अंगालेको छ । यसले आफुले गर्ने काम र लिने निर्णयहरूलाई प्राथमिकतामा राखी परियोजनाका सहभागीहरू, सरोकारवालाहरू र दाताहरूका चासो र सरोकारको सम्बोधन गर्छ । वर्ल्ड भिजनका कार्यक्रम र कार्यसञ्चालनमा जवाफदेहितालाई बढावा दिन सँस्था प्रतिबद्ध छ । आर्थिक वर्ष २०२३ मा वर्ल्ड भिजनले प्रभावकारी सूचनाको आदान-प्रदान मार्फत समुदाय र विशेषतः बालबालिकाको सहभागिता प्रवर्द्धन गर्दै, समुदायका मानिसहरू, सरकार र अन्य सरोकारवालाहरूसँग परामर्श गर्दै, यसका सबै विकास कार्यक्रम तथा मानवीय प्रतिकार्य परियोजनाको कार्यान्वयनमा समुदाय तथा अन्य संयन्त्रबाट प्राप्त प्रतिक्रियाहरूलाई सम्हाल्दै जवाफदेहिता संयन्त्र र अभ्यासहरूलाई निरन्तर सुदृढ गरिरन्यो । सामुदायिक प्रतिक्रिया र सुझाव प्रणालीमा गत वर्ष कूल ३२,४५५ वटा प्रतिक्रिया दर्ता गरिएको थियो, जसमा लगभग एक चौथाई अर्थात २२ प्रतिशत गुनासो वा प्रतिक्रिया बालबालिकाहरूले र पाँचमध्ये तीन अर्थात ५९ प्रतिशत महिलाहरूले रिपोर्ट गरेका थिए । प्राप्त गुनासो तथा प्रतिक्रियामध्ये ६० प्रतिशतको सम्बोधन गरियो भने बाँकि ४० प्रतिशत गुनासो तथा प्रतिक्रियाहरूको खासै सम्वोधन गर्नु परेन, किनकी तीमध्ये अधिकांश धन्यवाद, प्रशंसा, अनुरोध, माग, सुझाव र प्रतिबद्धताहरू थिए ।

# कार्य क्षेत्रहरु

## कोशी प्रदेश

### उदयपुर
ताप्ली गाउँपालिका
लिम्चुङबुङ गाउँपालिका
रौतामाई गाउँपालिका
त्रियुगा नगरपालिका
उदयपुरगढी गाउँपालिका
कटारी नगरपालिका

## गण्डकी प्रदेश

### लमजुङ
बेशीशहर नगरपालिका
सुन्दरबजार नगरपालिका
क्वलासोथर गाउँपालिका
दोर्दी गाउँपालिका

## वागमती प्रदेश

### काठमाण्डौ
किर्तिपुर नगरपालिका
काठमाण्डौ महानगरपालिका

### ललितपुर
ललितपुर महानगरपालिका

### सिन्धुली
गोलन्जोर गाउँपालिका
फिक्कल गाउँपालिका
तिनपाटन गाउँपालिका

## मधेश प्रदेश

### महोत्तरी
एकडारा गाउँपालिका
सम्सी गाउँपालिका

### रौतहट
गरूडा नगरपालिका
माधवनारायण नगरपालिका

### सर्लाही
ब्रह्मपुरी गाउँपालिका
चन्द्रनगर गाउँपालिका
पर्सा गाउँपालिका
हरिपुरवा नगरपालिका

## कर्णाली प्रदेश

### दैलेख
भगवतीमाई गाउँपालिका

### जाजरकोट
भेरी नगरपालिका
नलगाढ नगरपालिका

### जुम्ला
चन्दननाथ नगरपालिका
तातोपानी गाउँपालिका
पातरासी गाउँपालिका
गुठीचौर गाउँपालिका
कनकासुन्दरी गाउँपालिका
सिंजा गाउँपालिका
हिमा गाउँपालिका
तिला गाउँपालिका

## सुदुरपश्चिम प्रदेश

### अछाम
कमलबजार नगरपालिका
पञ्चदेवल विनायक नगरपालिका
मेल्लेख गाउँपालिका
साँफेबगर नगरपालिका


### कैलाली
टीकापुर नगरपालिका
कलेरी नगरपालिका
गौरीगंगा नगरपालिका
घोडाघोडी नगरपालिका
भजनी नगरपालिका

### डोटी
आदर्श गाउँपालिका
दिपायल सिलगढी नगरपालिका
सायल गाउँपालिका
पूर्वचौकी गाउँपालिका

### बझाङ
जयपृथ्वी नगरपालिका
केदारस्युँ गाउँपालिका

### कञ्चनपुर
कृष्णपुर नगरपालिका

# कार्य क्षेत्रहरु


सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
बागमती प्रदेश
कोशी प्रदेश
लुम्बिनी प्रदेश
मधेश प्रदेश
दार्चुला
बैतडी
बझाङ्ग
हुम्ला
बाजुरा
मुगु
डडेलधुरा
डोटी
अछाम
कालिकोट
जुम्ला
डोल्पा
कञ्चनपुर
कैलाली
दैलेख
जाजरकोट
रुकुम-पश्चिम
रुकुम-पूर्व
सुर्खेत
सल्यान
बर्दिया
बाँके
दाङ्ग
रोल्पा
प्युठान
अर्घाखाँची
गुल्मी
पाल्पा
कपिलवस्तु
रुपन्देही
परासी
नवलपुर
चितवन
मुस्ताङ्ग
मनाङ्ग
म्याग्दी
बाग्लुङ्ग
पर्वत
कास्की
लमजुङ्ग
तनहुँ
स्याङ्जा
गोर्खा
धादिङ्ग
रसुवा
नुवाकोट
सिन्धुपाल्चोक
दोलखा
काठमाण्डौ
भक्तपुर
ललितपुर
काभ्रे-पलान्चोक
मकवानपुर
रामेछाप
सिन्धुली
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सिराहा
सप्तरी
उदयपुर
सोलुखुम्बु
ओखलढुंगा
खोटाङ
भोजपुर
संखुवासभा
ताप्लेजुङ्ग
तेह्रथुम
पाँचथर
धनकुटा
इलाम
सुनसरी
मोरङ्ग
झापा
संरक्षण
जीविकोपार्जन
शिक्षा
मूल्याङ्कन अन्तर्गत

# हाम्रा दीर्घकालीन साझेदारहरू

## पश्चिम क्षेत्र कार्यक्रम

सामाजिक रूपान्तरण तथा मानविय सहायता संघ (आस्था) नेपाल
पहुँच र सृजनाका लागि सहकार्य नेपाल (CEAD)
सामुदायिक विकास केन्द्र (CDC)
सामुदायिक विकासका लागि सचेत समाज (CSSD)
दलित सहयोग समाज (DHS)
दिगो विकास समाज (DBS)
कर्णाली एकिकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (KIRDARC)
नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA)
पाँचतारा युवा संरक्षक मञ्च (PTYSM)
प्रगतिशील युवा समाज (PYS)
सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल
बाल कल्याण संघ, टिकापुर (WACT)
वाक नेपाल (WAC Nepal)
विकासका लागि युवा ऐक्यबद्धता (YARD)

## शहरी क्षेत्र कार्यक्रम

बाल विकास समाज (CDS)
असल छिमेकी नेपाल (GNN)
ग्रामीण सामुदायीक विकास केन्द्र (RCDC)
ग्रामीण महिला विकास तथा एकता केन्द्र (रूडुक)

## पूर्वी क्षेत्र कार्यक्रम

बागमती सेवा समाज नेपाल (BWSN)
दलित समाज उत्थान समिति नेपाल (DSWCN)
मानव अधिकार तथा वातावरण विकास केन्द्र (HuRENDEC)
एकिकृत ग्रामिण विकास समाज (IRDS)
जाल्पा एकीकृत विकास समाज (JIDS)
राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र (RRPK)
रिलिफ नेपाल
ग्रामीण विकास केन्द्र (RDC Nepal)
सिन्धुली एकिकृत विकास सेवा (SIDS)
सामाजिक विकास केन्द्र (SDC)

# रणनैतिक साझेदारहरू

सामुदायिक रेडियो प्रसारक संघ (ACORAB) नेपाल
बाल सहभागिताका लागि काम गर्ने संस्थाहरूको संघ (कन्सोर्टियम-नेपाल)
जागृति बाल तथा युवा सरोकार नेपाल (JCYCN)
राष्ट्रिय अन्तरधार्मिक सञ्जाल नेपाल (NIRN)
नेपाली प्राविधिक सहयोग समूह (NTAG)
गैर सरकारी संस्था महासंघ नेपाल/नेपाल दिगो विकास मञ्च





World Vision




World Vision


वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

राष्ट्रिय कार्यालय
केसी टावर, कुसुन्ती, ललितपुर-१३
पोष्ट बक्स २१९६९
फोनः +९७७-०१-५९७०८७७
www.wvi.org/nepal

पूर्वी क्षेत्रीय कार्यालय
बर्गाछी, बर्दिबास नगरपालिका-१, महोत्तरी
फोनः +९७७-४४-५५०५२०

पश्चिम क्षेत्रीय कार्यालय
हसनपुर, धनगढी उपमहानगरपालिका-५, कैलाली,
फोनः +९७७-९१-५२४०३२





www.wvi.org/nepal @wvinpl @wvinepal @wvnepal @WorldVisionNepal